नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

फोन नं. :४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc. / io@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.:

## ३५ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस,२०८२ को शुभकामना सन्देश

प्रत्येक वर्ष अक्टोवर १ मा मनाइने अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०२५ को अवसरमा सम्बद्ध सबैमा शुभकामना व्यक्त गर्दछु। संयुक्त राष्ट्र संघले सन् १९९० डिसेम्वर १४ मा अक्टोवर १ लाई INTERNATIONAL DAY OF OLDER PERSON (अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस) को रुपमा मनाउने प्रस्ताव गरे सँगै सन् १९९१ देखि यो दिवस मनाउदै आईरहेको सन्दर्भमा यस वर्ष ३५औं दिवसको रुपमा विभिन कार्यक्रम सहित मनाइदै छ।यस वर्षका लागि संयुक्त राष्ट्र संघले तय गरेको दिवसको अन्तर्राष्ट्रिय नारा **Older Persons Driving Local and Global Action: Our Aspiration, Our Well-Being and Our Rights** लाई राष्ट्रिय सन्दर्भ समेतका आधारमा **हाम्रा ज्येष्ठ नागरिकहरुको चाहना, समृद्धि र अधिकार : स्थानीय देखि विश्वव्यापी पहलीकरण** भन्ने मूल मान्यताका रुपमा आत्मसात् गरिएको छ।

ज्येष्ठ नागरिकको संख्या विश्वव्यापि रुपमा दिनप्रतिदिन वढिरहेको सन्दर्भमा परिवार, समाज तथा राष्ट्रले ज्येष्ठ नागरिकको सहज र मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्नु सवैको दायित्व हो।ज्येष्ठ नागरिक अनुभवी, ज्ञानको खानी तथा पथ प्रदर्शक हुन्। आफ्नो उर्जाशील समय कुनै न कुनै तरिकाबाट राष्ट्र, समाज र परिवारको लागि व्यतित गरी जीवनको उत्तरार्द्धमा रहेका ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था संविधानमा रहेको छ।

प्रविधिको विकास संगै पुस्तान्तरणमा भईरहेको शीघ्र परिवर्तनलाई आत्मसात गर्दै ज्येष्ठ नागरिकलाई प्रविधिसँगै अभ्यस्त बनाउदै उनीहरुमा रहेको परम्परागत ज्ञान,सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नु आवश्यक छ।त्यसैगरी संयुक्त परिवारको संरचनाबाट एकल परिवारतर्फ रुपान्तरण भईरहेको सामाजिक संरचनाको कारणले समेत ज्येष्ठ नागरिकको हेरचाह,सुरक्षा र पारिवारिक संरक्षणमा चुनौती थपेको छ।उमेरको बृद्धिसंगै देखिने विभिन्न रोग र शारीरिक समस्याहरुसँग जुधन ज्येष्ठ नागरिकहरुको हेरचाह, सामाजिक सुरक्षा र संरक्षणलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ।यिनै विषयहरुमा केन्द्रित रही महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिकलाई सुखी, सम्मानित एवम् सुरक्षीत जीवनपद्धतिको लागि सबै किसिमका सेवा सुविधा उपलब्ध गराउन नेतृत्वदायी भूमिका निर्वाह गर्न प्रतिवद्ध रहेको छ।

अन्त्यमा, मानव जीवनका ज्ञानका स्रोतहरु मध्ये सबैभन्दा उत्कृष्ट स्रोत अनुभवका खानी ज्येष्ठ नागरिकको सम्मानपूर्वक जीवनयापनमा सहजता ल्याउन, सम्पूर्ण ज्येष्ठ नागरिकहरुप्रति सम्मान व्यक्त गर्दै आदर्श परिवारको महत्व बुझ्न र बुझाउन आजको दिनले सबैलाई प्रेरणा प्रदान गर्ने अपेक्षा सहित सम्पूर्ण ज्येष्ठ नागरिकहरुमा सू-स्वास्थ्य र आरोग्यपूर्ण दिर्घजीवनको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद !!**

लक्ष्मी कुमारी बस्नेत
(सचिव)